## बैठक नं.६४

आज मिति २०८२।०७।२७ गते बिहीबारका दिन रुन्टीगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय होलेरी, रोल्पाका अध्यक्ष श्री जनक पुनज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिलका पदाधिकारीको उपस्थितिमा बसि देहाय बमोजिम निर्णय गरियो।

### तपसिल

| क्र.सं. | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | जनक पुन | अध्यक्ष | रुन्टीगढी ७, रोल्पा | |
| २ | सरिता के.सी. | उपाध्यक्ष | रुन्टीगढी ३, रोल्पा | |
| ३ | थम बहादुर घर्ती मगर | १ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी १, रोल्पा | |
| ४ | भिउलाल पुन मगर | २ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी २, रोल्पा | |
| ५ | गणेश गिरी | ३ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ३, रोल्पा | |
| ६ | भुपमणि पुन मगर | ४ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ४, रोल्पा | |
| ७ | गोविन्द बहादुर डाँगी | ५ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ५, रोल्पा | |
| ८ | घन बहादुर घर्तीमगर | ६ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ६, रोल्पा | |
| ९ | टेकलाल पुन | ७ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ७, रोल्पा | |
| १० | तुल्सी पुन | ८ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ८, रोल्पा | |
| ११ | चेतलाल खत्री | ९ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ९, रोल्पा | |
| १२ | रेशमा बहकरी | कार्यपालिका सदस्य | रुन्टीगढी ८, रोल्पा | |
| १३ | प्रेमा वि.क. | कार्यपालिका सदस्य | रुन्टीगढी ६, रोल्पा | |
| १४ | रिता के.सी. | कार्यपालिका सदस्य | रुन्टीगढी ५, रोल्पा | |
| १५ | गंगा वि.क. | कार्यपालिका सदस्य | रुन्टीगढी २, रोल्पा | |
| १६ | रेख बहादुर वि.क. | कार्यपालिका सदस्य | रुन्टीगढी १, रोल्पा | |
| १७ | गिरीराज कामी | कार्यपालिका सदस्य | रुन्टीगढी ३, रोल्पा | |
| १८ | धनि प्रसाद खड्का | प्रमुख प्रशासकीय अधिकृत | रुन्टीगढी गाउँपालिका | |
| १९ | सानुबाबु खड्का | प्रशासन अधिकृत | रुन्टीगढी गाउँपालिका | |
| २० | झग्गु के. सी. | लेखा अधिकृत | रुन्टीगढी गाउँपालिका | |
| २१ | | | | |
| २२ | | | | |
| २३ | | | | |

रुन्टीगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झेनाम, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

<u>प्रस्ताव तथा निर्णयहरु:</u>

१.संघीय सशर्त कार्यक्रम संचालनको लागि विद्यालय छनौट सम्बन्धमा।

२. वडाभरीका सडक मर्मत तथा सम्भार सम्बन्धमा।

३. आ.व. ०८२/०८३ को लागि बहुक्षेत्रीय पोषण कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा।

४. आ.व. ०८२/०८३ मा सामी कार्यक्रम संचालनको लागि वडा तथा विद्यालय छनौट अनुमोदन सम्बन्धमा।

५. विविध सम्बन्धमा।

<u>निर्णय नं १</u>

रुन्टीगढी गाउँपालिकामा संघीय सशर्त कार्यक्रम संचालनको लागि निर्मित गुरुयोजनाको आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान अन्तर्गत दुईवटा भवन निर्माणको लागि रु एक करोड विस लाख प्राप्त भएकोमा उक्त रकमको १० प्रतिशत रकम गाउँपालिकाको साझेदारीमा गर्ने तथा विद्यालयमा भर्चुअल शिक्षण इलर्निङ पुस्तकालय र विज्ञान प्रयोगशालाको लागि सामाग्री तथा उपकरण व्यवस्थापन गर्न रु दश लाख रकम प्राप्त भएकोमा सो बमोजिमको सुचना अनुसार प्रस्तावना पेश भई आएकाले देहायका विद्यालय छनौट गर्ने।

तपसिल

(क) पद्मोदय मा.वि. दाङचोट (विद्यालय भवन निर्माण)

(ख) इन्द्रदेवि आ.वि. लखना (विद्यालय भवन निर्माण)

(ग) सुर्योदय मा.वि. मसिना (भर्चुअल शिक्षण इलर्निङ पुस्तकालय र विज्ञान प्रयोगशाला)

<u>निर्णय नं २</u>

रुन्टीगढी गाउँपालिकाका वडाबाट सडक मर्मत सम्भारका लागि विनियोजन भएको बजेट वडा भरीका सबै बाटो सरसफाई गर्न प्राविधिक लागत अनुमानका आधारमा अपुग हुने देखिएकोले वडाबाट विनियोजन भएको रकम सम्वन्धित वडाको शिर्षकबाट तत्काल सार्वजनिक खरिदको विधि मार्फतबाट सरसफाई तथा मर्मत सम्भार गराउने अपुग हुन आउने रकम र बजेट अपुगका कारण सफाई हुन नसकेको बाटो मर्मत सम्भार कोषबाट खर्च हुने गरी कार्य गर्ने।

<u>निर्णय नं ३</u>

गाउँपालिकास्तरीय पोषण निर्देशक समितिबाट बहुक्षेत्रधीय पोषण कार्यक्रमको लागि आ.व. ०८२/०८३ को लागि पेश भई आएको बहुक्षेत्रीय पोषण कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा।

<u>निर्णय नं ४</u>

आ.व. ०८२/०८३ मा सामी कार्यक्रम संचालनको लागि वडा तथा विद्यालय छनौट सम्बन्धमा निर्णय भई अनुमोदन लागि पेश भई आएको कार्यक्रम अनुमोदन गर्ने।

<u>निर्णय नं ५</u>

रुन्टीगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट आवश्यक कार्य गर्न तपसिल बमोजिमका कार्यविधि निर्माण गर्न सैद्धान्तिक स्वीकृति दिने।

तपसिल

(क) रुन्टीगढी गाउँपालिकाको आवधिक तथा बार्षिक परिक्षा संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२

(ख) रुन्टीगढी गाउँपालिका द्वारा निर्मित संरचनालाई बहालमा दिने सम्बन्धी कार्यविधि, २०८२

जनक पुन

निर्णय नं ६

रुन्टीगढी गाउँपालिकाको वडा नं ७ मा रहेको सरस्वति मा.वि. को खेलमैदान बर्षाको कारण फिलिङ गरेको माटो दब्न गएको र थप क्षति हुन नदिन तथा हुनसक्ने सम्भावित खतरालाई मुक्त गर्नको लागि प्राविधिक लागत अनुमानका आधारमा विपद व्यवस्थापन कोषबाट खर्च हुने गरी कार्य गर्ने।

निर्णय नं ७

रुन्टीगढी गाउँपालिकाको चालु आ.व. मा वडाबाट सडक मर्मत सम्भारका लागि विनियोजन भएको बजेटबाट अपुग हुने अवस्थामा गाउँपालिकाका वडा भरीका सबै बाटोको पहिरो सफाई, नाला सरसफाई गाउँपालिकामा रहेको ब्याक हो लोडरबाट गर्ने। साथै यस आ.व. मा श्रावण देखि हालसम्म बर्षादको कारण अवरुद्ध भएका बाटोहरु खोल्न गाउँपालिकामा भएको ब्याक हो लोडरको इन्धन खर्च, चालकको पारिश्रमिक, मेशिन मर्मतको लागि भएको खर्च र गाउँपालिकाको मेशिनबाट नभ्याएको ठाउँमा कार्यालयको कार्यदिश बमोजिम अन्य मेशिनबाट भएको खर्चको भुक्तानि मर्मत सम्भार कोषबाट भुक्तानि गर्ने।

निर्णय नं ८

रुन्टीगढी गाउँपालिकाको कार्यालयमा कार्यरत रोजगार संयोजक र रोजगार सहायकले नियुक्ति देखि खाइपाई आएको स्थानीय भत्ताको रकम संघीय सरकारबाट नपठाएको तर स्थानीय तहले विनियोजन गरी स्थानीय भत्ता दिन सक्ने व्यवस्था भए बमोजिम गाउँसभाबाट विनियोजित स्थानीय भत्ता शिर्षकबाट स्थानीय भत्ताको रकम उपलब्ध गराउने।

निर्णय नं ९

रुन्टीगढी गाउँपालिकाका वडाहरु तथा विभिन्न संघसंस्थाहरुबाट आर्थिक सहयोगका लागि आएका निवेदन माथि छलफल गर्दा निवेदकलाई परेको स्वास्थ्य समस्याको जटिलता, कमजोर आर्थिक अवस्था तथा प्राप्त निवेदनलाई मध्यनजर गर्दै त्यसरी आर्थिक सहयोग माग गरि निवेदन दिएका तपसिलका व्यक्ति/संस्थाहरुलाई आर्थिक सहायता कार्यविधि, २०७९ बमोजिम र सामान्य विरामिहरुलाई अध्यक्षज्यूको तोकादेश अनुसारको आर्थिक सहयोग दिने।

तपसिलः

| क्र.सं. | नामथर | ठेगाना | समस्याको विवरण | रकम |
|---|---|---|---|---|
| १. | सशस्त्र प्रहरी रोल्पा | रोल्पा | माग भई आएको सामानको लागि रकम उपलब्ध गराउने | रु.३०,०००/- |
| २. | यमुना पुरी | रुन्टीगढी-३, रोल्पा | काम गर्ने सिलसिलामा भारतमा गएको र सडक खर्घटनामा परि बाँया खुट्टा भाचिएको | रु.१०,०००/- |
| ३. | अनिल पुन मगर | रुन्टीगढी-८, रोल्पा | हातखुट्टामा घाउँ भई त्यस्को असर मृगौलामा समेत परि उपचारका लागि आर्थिक अभाव | रु.१५,०००/- |
| ४. | रमेश घर्ति | रुन्टीगढी-३, रोल्पा | शेरमान घर्तिको ढाडमा(स्नायु सम्बन्धी) समस्या भई उपचाररत रहेको | रु.२०,०००/- |
| ५. | सुरजमान रोका | रुन्टीगढी-९, रोल्पा | विरामीलाई उपचारका लागि नेपालगन्जसम्म लैजान रकम अभाव | रु.५,०००/- |
| ६. | मोहन परियार | रुन्टीगढी-८, रोल्पा | दाजु भिरबाट लडि मृत्यु भएको कारण काजकृया तथा पोष्टमार्टमका लागि रकम अभाव | रु.१५,०००/- |